DOI : https://doi.org/10.3126/ss.v10i1-2.68601

# सम्पादकीय

सरस्वती सदन नेपाली स्नातकोत्तर शिक्षण कार्यक्रम, त्रिचन्द्र बहुमुखी क्याम्पसबाट २०७६ सालदेखि अर्धवार्षिक रूपमा प्रकाशित भइरहेको विज्ञसमीक्षित जर्नल हो । जर्नल प्रकाशनको मुख्य उद्देश्य आलोचनात्मक ज्ञानको क्षितिज फराकिलो पार्नु हो । यस जर्नललाई प्रकाशन गर्न थालेदेखि यो सातौँ प्रकाशन हो । जिज्ञासु पाठक, अध्यवसायी अनुसन्धाता तथा विज्ञसमीक्षकहरूको योगदानस्वरूप हामीले यहाँसम्मको यात्रा सफलतापूर्वक पूरा गरेका छौँ । आगामी दिनमा पनि यहाँहरू सबैको यस्तै साथ, सहयोग र सद्भावको अपेक्षा गर्दछौँ ।

सरस्वती सदन मूलतः भाषा र साहित्यविषयक शोधपत्रिका भएको हुनाले यसमा भाषा र साहित्यसम्बन्धी लेखहरू नै बढी प्रकाशित भएका छन् । यसका पूर्णाङ्क-१ देखि पूर्णाङ्क ९-१० सम्म प्रकाशित लेखहरू हेर्दा साहित्य समालोचनासम्बन्धी लेखहरू नै बढी मात्रामा प्रकाशित छन् भने भाषा, व्याकरण र लोकसाहित्यसम्बन्धी लेखहरू कम मात्रामा प्रकाशित छन् । ज्ञानको फराकिलो क्षितिजलाई मध्यनजर गरेर हेर्ने हो भने यसमा भाषा र साहित्यका साथै संस्कृति र दर्शन जस्ता विषयका लेख पनि प्रकाशन गर्नु आवश्यक देखिएको छ ।

अनुसन्धानको मुख्य उद्देश्य कुनै विषयको तथ्यपरक र वैज्ञानिक विश्लेषणबाट ज्ञानको नयाँ क्षितिज उघार्नु हो । त्यसैले विषयवस्तुको चयन र शोधसमस्याको निर्क्योल गर्नु अनुसन्धाताको प्रथम कार्य हो भने समस्यामा केन्द्रित भई विमर्श र विश्लेषणद्वारा निष्कर्षमा पुग्नु अनुसन्धानको मूल लक्ष्य हो । उपयुक्त विषयको अनुसन्धानले नै समाजलाई महत्त्वपूर्ण योगदान दिन सक्दछ । तसर्थ विषय र समस्याको चयन गर्दा सामाजिक जीवनमा प्रभावकारी हुने विषय चयन गर्न हामी अनुसन्धाताहरूसँग अनुरोध गर्दछौँ । अनुसन्धानात्मक लेखहरू प्रकाशन गर्दा साहित्यका सबै विधामा सन्तुलन हुनु आवश्यक कुरा हो । यसतर्फ भने हाम्रो दृष्टि अलि पुग्न सकेको छैन । यसका सबै प्रकाशित अङ्कहरू हेर्दा साहित्यका उपन्यास, कथा र कविता विधाका तुलनामा नाटक, निबन्ध, नियात्रा, संस्मरण, आत्मवृत्तान्त, जीवनी आदि विषयक लेखहरू कमै मात्रामा प्रकाशित भएका छन् । उक्त कमी पूरा गर्न आगामी अङ्कमा सबै विधामा सन्तुलन मिलाउन आवश्यक रहेको महसुस गरेका छौँ ।

अन्त्यमा यस अङ्कमा समावेश भएका लेखहरूका लागि सम्बन्धित अनुसन्धाता तथा अनुसन्धानात्मक लेखहरूको आवश्यक मूल्याङ्कन गरी उपयुक्त सुझाव दिनुहुने विज्ञसमीक्षकहरूप्रति हार्दिक आभार प्रकट गर्दछौँ । यसको प्रकाशनमा अभिभावकीय भूमिकासहित हौसला प्रदान गर्नुभएकोमा क्याम्पस प्रमुख प्रा. डा. नीलम श्रेष्ठप्रति कृतज्ञता प्रकट गर्दछौँ । यसका साथै कम्प्युटर सेटिङमा सहयोग गर्नुहुने भीमचन्द्र राई, प्रकाशनको जिम्मेवारी लिनुहुने सोपान प्रेस परिवार र नेप्जोलमा राख्न सहयोग गर्नुहुने त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय परिवारप्रति हार्दिक धन्यवाद प्रकट गर्दछौँ ।

प्रधान सम्पादक